नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सिन्धुपाल्चोक, चौतारा

ईमेल: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र संख्या : प्र.०७९ ८०
चलानी नं. 2628

मितिः २०८०/०१/१७

अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी उजुरी बारे सर्वसाधारणमा जानकारी गराईदिने सम्बन्धमा ।

श्री स्थानीय तह, सबै
सिन्धुपाल्चोक ।

नेपाल सरकारको मिति २०७९/१२/२० को निर्णयानुसार "अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९ " गठन भई आयोगले कार्यसंचालन प्रारम्भ गरिसकेको छ । आयोगबाट पीडितहरुको निवेदन आव्हान भएको हुँदा पीडितहरुले भएसम्मका सबुद प्रमाण सहित भएको व्यहोरा खुलाई अनलाइनबाट सिधै आयोगमा वा यस जिल्लाभरका व्यक्तिहरुले यस कार्यालयमा रहेको सहायता कक्षबाट निःशुल्क रुपमा फारम भराउन सकिने व्यवस्था मिलाइएकोले मिति २०८०/०१/१७ गतेदेखि २०८०/०१/३१ गतेभित्र निवेदन दिनुहुन साथै विगतमा निवेदन दिएकाहरुलाई पुनः फारम भर्नुहुन समेत सम्बन्धित सबैको जानकारीको लागि यस कार्यालयबाट सूचना प्रकाशन भइसकेको छ । तहाँ पालिकाहरुबाट समेत यस सम्बन्धमा सूचना सम्प्रेषण गरी गराई सहजीकरण गरिदिनुहुन आयोजको प्रेस विज्ञप्ति पाना-१ (एक) संलग्न गरी पठाईएको व्यहोरो समेत अनुरोध छ ।

अनलाइन उजूरी दर्ता फारमको अनलाइन लिङ्क यस प्रकार रहेको छ ।

https://forms.gle/6ibZahBP6vZnnWRt8 वा https://shorturl.at/diwxT

2080/01/16

..............................
(श्याम कृष्ण श्रेष्ठ)
प्रशासकीय अधिकृत

website/FB
श्री शाखा

प्रचार प्रशारको लागि

## अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग २०७९

सम्पर्क कार्यालय गृह मन्त्रालय परिशर
सिंहदरबार काठमाडौं ।
मिति २०८०।१।१४

प्रेस विज्ञप्ती १

नेपाल सरकारको मिति २०७९ चैत २० को निर्णयानुसार तीन सदस्यीय जाँचबुझ आयोग गठन भइ प्रारम्भिक काम भइ रहेको छ । यही बैशाख १७ गते देखि धनुषाको जनकपुरमा कार्यालय स्थापना भइ कार्य सन्चालन हुँदैछ ।

यस आयोगबाट अनुचित लेनदेन (मिटर ब्याज) बाट पीडितहरुको निवेदन आव्हान गरिएको छ । पीडितहरुले आफ्नो भएसम्मका सवुद पमाण सहित भएको व्यहोरा खुलाइ अनलाइनबाट सीधै यस आयोगमा वा निवेदकको जिल्लामा रहेको जिल्ला प्रशासन कार्यालयमा निवेदन दिन अनुरोध छ । प्रत्येक जिल्ला प्रशासन कार्यालयमा मिटर ब्याज पीडित सहायता कक्ष स्थापना गरिएको छ । सोही कक्षमा निवेदन फाराम निशुल्क उपलब्ध हुनेछ । निवेदन फाराम जिल्ला प्रशासन कार्यालयकै कर्मचारीले भराइ दिने प्रवन्ध गरिएको छ ।

निवेदन यही बैशाख १७ गते देखि ३१ गते १५ पन्ध्र दिन भित्र दिनु हुन सवै पीडितहरुमा अनुरोध छ ।

निवेदकबाट भराउने फारामको अनलाइनको लिक यस प्रकार छ
https://forms.gle/6ibZahBP6vZnnWRt8

गौरीबहादुर कार्की
अध्यक्ष